## विदेश जान...

पृष्ठ १ बाट क्रमशः

बताए। 'कमाउने व्यक्ति मात्र घुम्न जाओस् भन्ने आधारमा हामीले वार्षिक १० लाख कमाउने र पाँच लाख बैंक ब्यालेन्स भएकालाई मात्र भिजिट भिसामा जान दिने कार्यविधि बनाउन भनेका हौँ,' सहसचिव पोखरेलले भने, 'नयाँ कार्यविधि बनाउने जिम्मेवारी अध्यागमन विभाग र श्रम विभागलाई दिइएको छ।'

अध्ययन प्रतिवेदनमा टेकेर नयाँ कार्यविधि बनाउन लागिएको छ। प्रतिवेदनमा श्रम स्वीकृति प्रक्रियामा रहेका जटिलता सुधार गरी अधिकतम सरलीकृत, पारदर्शी र छिटो बनाउने, भिजिट भिसामा पठाउँदा सहजीकरण गर्ने व्यक्ति-संस्थाहरूलाई कानुनी दायरामा ल्याएर जिम्मेवार बनाउन सिफारिस गरिएको छ। वैदेशिक रोजगारीका लागि इजाजत लिएका वैदेशिक रोजगार व्यवसायी संस्थाहरूले श्रम अनुमति नलिई भिजिट भिसामा वा अन्य तरिकाले व्यक्तिहरूलाई विदेश पठाएको पाइएमा त्यस्ता संस्था र सञ्चालकलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिम कारबाही गर्नसमेत भनिएको छ।

गत वर्ष भिजिट भिसामा खाडी तथा मलेसिया हजारौँ सर्वसाधारण गएका थिए। त्यसमध्ये कतिपय अलपत्र परेपछि सरकारले हाल आठबुँदे मापदण्ड बनाउँदै अत्यावश्यक अवस्थामा मात्र खाडी र मलेसिया जान दिएको छ। नयाँ कार्यविधि नबनेसम्म हालको आठबुँदे मापदण्ड नै लागू हुने सहसचिव पोखरेलले बताए। जसमा खाडी घुम्न जान खाडीबाहेकका अन्य दुई देश घुमेको ट्राभल हिस्ट्री र वार्षिक न्यूनतम ६ लाख आम्दानी हुने कागजपत्र देखाउनुपर्ने प्रावधान छ।

कार्यदलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछाने, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव शेषनारायण पौडेल, परराष्ट्र मन्त्रालयका सहसचिव हरिशचन्द्र पौडेल, प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकाल, अध्यागमन विभागका उपसचिव प्रकाशचन्द्र अधिकारी र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका उपसचिव दीनबन्धु सुवेदी सदस्य थिए।

## विमानस्थल...

पृष्ठ १ बाट क्रमशः

राजनीतिक पहुँच र शक्तिका आडमा व्यवसायीहरूले भाडा तथा सेवाशुल्क तिर्न अटेर गर्ने गरेको नागरिक उड्डयन कार्यालयका अधिकारीहरू बताउँछन्।

उड्डयन कार्यालयसँग भने विमानस्थलको सुरक्षाका कामका लागि समेत बजेट माग्नुपर्ने अवस्था छ। त्यही कमजोरीका कारण गत ९ फागुनमा एक युवक बाहिरी तारबारबाट छिरेर सीधै विमानभित्र पुगेका थिए। उनी कतार उड्न लागेको नेपाल एयरलाइन्सको बिजनेस क्लासमा पुगेका थिए।

यो घटना निकै संवेदनशील भएको भन्दै गृह मन्त्रालयले छानबिन गरिरहेको छ। यसमा सुरक्षा निकायले नागरिक उड्डयनलाई नै दोष लगाएका छन्। त्यो घटनापछि उड्डयन कार्यालयले बल्ल मर्मतको काम थालेको छ। बजेट अभावकै कारण बाहिरी पेरिमिटर क्षेत्रमा बलियो सुरक्षा संरचना बनाउन नसकिएको कार्यालयका प्रवक्ता टेकनाथ सिटौलाले बताए। 'बजेट पर्याप्त नहुँदा २० वर्षअघि लगाइएको तारबार बलियोसँग मर्मत गर्न सकिएको छैन,' उनले भने, 'हाल तारबार टुटेका ठाउँमा मर्मत गरिरहेका छौँ, बलियोसँग तारबार गर्न थप बजेट आवश्यक हुन्छ।'

### एयरलाइन्सहरूको मात्र करिब ५४ करोड बक्यौता, स्वदेशीमा यती एयरलाइन्सको धेरै

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एयरलाइन्सहरूको बक्यौता मात्रै ५४ करोड छ। हाल सञ्चालनमा रहेका अन्तर्राष्ट्रिय एयरलाइन्सहरूले १७ करोड ९८ लाख २१ हजार नौ सय र हाल नेपालमा उडान बन्द गरेका एयरलाइन्सहरूको २५ करोड ५१ लाख २१ हजार पाँच सय तिर्न बाँकी छ। त्यस्तै, सञ्चालनमा रहेका आन्तरिक एयरलाइन्सको दुई करोड ८७ लाख नौ हजार र बन्द भइसकेका आन्तरिक एयरलाइन्स कम्पनीहरूले आठ करोड ३४ लाख १२ हजार पाँच सय तिर्न बाँकी छ। सञ्चालनमा रहेका स्वदेशी एयरलाइन्सहरूमध्ये सबैभन्दा धेरै यती एयरलाइन्सले एक करोड ६६ लाख ७२ हजार नौ सय १८ रुपैयाँ तिर्न बाँकी छ। त्यस्तै, सीता एयरले २९ लाख ३३ हजार सात सय ७२ रुपैयाँ र माउन्टेन हेलिकोप्टरले २२ लाख ७६ हजार चार सय ६९ रुपैयाँ तिर्न बाँकी छ। त्यस्तै, सञ्चालनमा रहेका अन्तर्राष्ट्रिय उडान गर्ने एयरलाइन्समध्ये सबैभन्दा धेरै नेपाल एयरलाइन्सको नौ करोड सात लाख ६८ हजार ५ सय २७ रुपैयाँ, एयर इन्डियाको तीन करोड ६९ लाख २५ हजार पाँच सय र सिचुवाङ एयरलाइन्सको ४७ लाख ४७ हजार तिर्न बाँकी छ। हाल नेपालमा सेवा बन्द गरेकोमध्ये एयर एसियाले मात्र १८ करोड ७४ लाख तिरेको छैन।

विमानस्थल सेवाशुल्क नियमावलीअनुसार एयरलाइन्सहरूले अवतरण, पार्किङ, ग्राउन्ड ह्यान्डलिङ, हाउसिङ, सञ्चार तथा उड्डयन सहाय सेवा तिर्नुपर्छ। वायुयानको तौलका आधारमा यस्ता यस्तो शुल्क तोकिएको हुन्छ। यो रकम धेरै एयरलाइन्स कम्पनीहरूले तिरेका छैनन्।

अन्तर्राष्ट्रिय विमानस्थलमा १० हजार किलोग्रामसम्मको वायुयानले प्रतिहजार किलोग्रामको एक डलर २५ सेन्ट र एक लाख किलोभन्दा धैरै तौल भएकाको हकमा एक लाख किलोग्रामसम्मको चार सय ७५ डलर तथा त्यसपछिको प्रत्येक हजार किलोग्रामको आठ डलर ५५ सेन्ट अवतरण शुल्क तिर्नुपर्छ। पार्किङ शुल्क पनि वायुयानको तौलअनुसार तय गरिएको हुन्छ।

### विमानस्थलभित्र व्यवसायीबाट ७१ करोड १८ लाख ५५ हजार उठाउन बाँकी

विमानस्थलभित्र व्यवसाय गर्ने चालू र बन्द रहेका कम्पनीहरूको मात्रै ७१ करोड १८ लाख ५५ हजार बक्यौता छ। सञ्चालनमा रहेका कम्पनीको ५५ करोड २९ लाख २२ हजार एक सय ९५ र बन्द भइसकेका कम्पनीले १५ करोड ८९ लाख ३३ हजार दुई सय ६९ रुपैयाँ तिर्न बाँकी रहेको विमानस्थित कार्यालयका प्रवक्ता टेकनाथ सिटौलाले बताए। सबैभन्दा धेरै सीता इन्फो नेपालबाट २७ करोड ९२ लाख ३८ हजार उठाउन बाँकी छ। त्यस्तै, रसुवा केडी जेभी (आइएमएस)को १० करोड चार लाख ६९ हजार, युनिभर्सल सप्लाई एजेन्सीको आठ करोड ७२ लाख ७१ हजार र होटेल र्‍याडिसनको ६ करोड ८२ लाख७१ हजार बक्यौता छ। उड्डयन कार्यालयका अनुसार फुडसिटी नेपाल प्रालिको दुई करोड ८६ लाख १८ हजार, देश प्रेम इ प्रालिको एक करोड ७५ लाख ५५ हजार, ग्रिनलाइन इन्टरनेसनल प्रालिको एक करोड ५९ लाख ५६ हजार, कृष्ण ट्रान्सपोर्टको एक करोड ४६ लाख ५३ हजार, स्वनिङ्गा सर्भिसको एक करोड २४ लाख ७१ हजार र होटल स्वानिङ्गा प्रालिको एक करोड २० लाख ६६ हजार बक्यौता छ।

### सरकारी कार्यालयहरूको ५७ करोड बक्यौता, भन्सारको मात्रै ५६ करोड

अन्तर्राष्ट्रिय विमानस्थलभित्र १८ वटा सरकारी कार्यालय छन्। उनीहरूले पनि नागरिक उड्डयन कार्यालयलाई भाडा तिरेका छैनन्। १८ वटा सरकारी कार्यालयको ५७ करोड पाँच लाख दुई हजार बक्यौता छ। त्यसमध्ये भन्सार कार्यालयले मात्र ५६ करोड १० लाख ३९ हजार तिर्न बाँकी छ। त्यस्तै नेपाल आयल निगमले ६ लाख ७९ हजार तिर्न बाँकी रहेको नागरिक उड्डयन कार्यालयले जनाएको छ। त्यस्तै, पशु क्वारेन्टिन कार्यालय, बिमा संस्थान, श्रम डेस्क, हुलाक कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, लागुऔषध नियन्त्रण ब्युरो, नेपाल प्रहरी, अध्यागमन कार्यालय, नेसनल ट्रेडिङ, परराष्ट्र मन्त्रालयको पनि बक्यौता रहेको छ।

### १६ करोड बक्यौता रहेका ५१ कम्पनी सम्पर्कविहीन

विगतमा विमानस्थलमा व्यवसाय गरेका र हाल बन्द रहेका ५१ कम्पनीले विमानस्थललाई भाडा तिरेका छैनन्। उनीहरूको बक्यौता १५ करोड ८९ लाख ३३ हजार छ। जसमध्ये सबैभन्दा धेरै युनिभर्सल सप्लाई एजेन्सीले आठ करोड ७२ लाख ६१ हजार तिरेको छैन। त्यसपछि देश प्रेम प्रालिको एक करोड ७५ लाख ५५ हजार, ग्रिनलाइन इन्टरनेसनलको एक करोड ५९ लाख, कृष्ण ट्रान्सपोर्टको एक करोड ४६ लाख ५३ हजार बक्यौता छ। हाल विमानस्थलसँग सम्पर्कमा नरहेका ती कम्पनीका सञ्चालकहरूको सम्पत्ति खोजी गरी रोक्का राख्नेबारे छलफल भएपनि त्यससम्बन्धी प्रक्रिया सुरु नभएको नागरिक उड्डयन कार्यालय स्रोत बताउँछ।

### विमानस्थलमा व्यवसायीको रजगज

हाल विमानस्थलमा व्यवसाय गरिरहेका विभिन्न ६५ कम्पनीले पनि उड्डयन कार्यालयलाई तिर्नुपर्ने रकम तिरेका छैनन्। सबैभन्दा धेरै विमानस्थलभित्रै रहेको र्‍याडिसन होटेलले ६ करोड ८२ लाख ७१ हजार ६ सय ८० रुपैयाँ तिर्न बाँकी छ। त्यस्तै, विमानस्थलअगाडिको ५० रोपनी १५ आना जग्गा लिजमा लिएर कम्प्लेक्स र पार्किङ क्षेत्र बनाएको रसुवा केडी जेभीले १० करोड तिर्न बाँकी छ।

हाल आइएमएस एयरपोर्ट सर्भिस प्रालिका नाममा सञ्चालन भइरहेको सो कम्पनीले भाडामा विवाद गरी अदालतमा मुद्दा हालेको छ। सोही आडमा उसले नियमित भाडा तिरेको छैन। तर, भवन तथा पार्किङबाट आम्दानी गर्दै आएको छ। ३० वर्षका लागि सो जग्गा लिजमा लिएको हो। वार्षिक एक करोड ५५ लाख ६९ हजार चार सय रुपैयाँ तिर्ने गरी लिजमा लिएको हो। साथै, भवनबाट हुने आम्दानीको सुरुको १० वर्ष पाँच प्रतिशतका दरले नागरिक उड्डयन कार्यालयलाई रोयल्टी तिर्ने उल्लेख छ। निर्माण सुरुभन्दा अगाडिदेखि नै भाडा लिन खोजेको भन्दै उसले सुरुदेखिकै भाडा तिरेको छैन। सो कम्पनी व्यवसायी दीपक मलहोत्राको हो। ठेक्का लिँदा भने त्यसमा कांग्रेस नेता मोहन आचार्य र विवादास्पद व्यवसायी विमल पोद्दारसमेत संलग्न थिए।

विमानस्थल नागरिक उड्डयन कार्यालयका महाप्रबन्धक प्रेमनाथ ठाकुरले बक्यौता नतिर्नेलाई नछाड्ने बताए। 'हामीले विगतको बक्यौता उठाउने प्रयास गरिरहेका छौँ। अब विमानस्थलमा व्यवसाय गर्नेको हकमा पहिलाजस्तो हुँदैन। हामीले सुरुमै धरौटी माग्न थालेका छौँ। नयाँ एयरलाइन्स आउँदा हामीले ३० लाख धरौटी माग्न थालेका छौँ। यो प्रावधान पहिला थिएन। कुनै विदेशी एयरलाइन्स नेपालमा आउँदा सबै शुल्क तिर्ने ग्यारेन्टीसहित एजेन्ट नियुक्तिलाई अनिवार्य बनाउने निर्णय गरेका छौँ। जो एयरलाइन्स तथा कम्पनी नै बन्द भए, तिनीहरूबाट कसरी पैसा उठाउने भनेर हाम्रो हेड अफिसले पनि पोलिसीमा काम गरिरहेको छ। उनीहरूलाई पनि हामी छाड्दैनौं,'उनले भने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रहरी कार्यालय धनुषा
**बोलपत्र स्वीकृत हुने आशयको सूचना**
प्रकाशित मिति : २०७८/११/१९ गते

यस कार्यालयबाट मिति २०७८/१०/०५ गतेको राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रथम पटक प्रकाशित निम्न उल्लेखित निर्माण कार्यको लागी ई-बोलपत्र आव्हान सम्बन्धि सूचनाको म्याद भित्र पर्न आएका ई-बोलपत्रहरुको प्रचलित ऐन नियमद्धारा निर्दिष्ट गरिएका विभिन्न पक्षहरुको मुल्याङ्कन गर्दा निम्न उल्लेखित बोलपत्र दाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही एवं सबैभन्दा न्युनतम मुल्यांकित ठहरीएकोले ऊक्त कम्पनीको बोलपत्र स्वीकृत हुने भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नंम्बर | निर्माण कार्यको विवरण | सारभुत रुपमा प्रभावग्राही बोलपत्र दाता | बोलपत्र दाताको सकार अंक मु.अ. कर बाहेक |
|---|---|---|---|
| NCB/DPODHANUSHA/WORKS/2078-79/01 | Construction, Drilling and Installation of Deep Tubewell. | Shah and Sons Nirman Sewa Pvt. Ltd., Millsarea 1, Janakpurdham Dhanusha | 29,23,468.00 |

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जलस्रोत तथा सिंचाई विभाग
भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना
वीरेन्द्रनगर, सुर्खेत
**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**
(प्रकाशित मिति : २०७८/११/१९)

यस आयोजनाबाट मिति २०७८/ण्ढ/१६ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन वेब पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक अनलाईन मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरु न्यूनतम् मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकाले उक्त बोलपत्रहरुको स्वीकृतिको लागि आशयको सूचना सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

| क्र.स. | बोलपत्रदाताको नाम र ठेगाना | ठेक्का नं. | कबोल अंक (VAT and PS Items) समेत |
|---|---|---|---|
| १ | M/S R.C. Builders,Bansgadhi Na.Pa.-8, Bardiya | BBDMP/Social/NCB-1/SI/078-79 | 91,59,190.99 |
| २ | M/S Mahadev Jhyari Nirman Sewa, Pina Ga.Pa.-4, Mugu | BBDMP/Social/NCB-2/SI/078-79 | 85,82,308.34 |
| ३ | M/S Shishir Construction, Bheriganga Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-3/SI/078-79 | 95,27,470.70 |
| ४ | M/S Mahadev Jhyari Nirman Sewa, Pina Ga.Pa.-4, Mugu | BBDMP/Social/NCB-4/SI/078-79 | 91,10,780.03 |
| ५ | M/S Mahadev Jhyari Nirman Sewa, Pina Ga.Pa.-4, Mugu | BBDMP/Social/NCB-5/SI/078-79 | 80,85,479.61 |
| ६ | M/S Surkheti Khadka Nirman Sewa P. Ltd., Bansgadhi Na.Pa.-3, Bardiya | BBDMP/Social/NCB-6/RTW/078-79 | 78,53,687.25 |
| ७ | M/S Shishir Construction, Bheriganga Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-7/RTW/078-79 | 70,99,083.30 |
| ८ | M/S Laxman Construction, Birendranagar Na.Pa-8, Surkhet | BBDMP/Social/NCB-8/RTW/078-79 | 68,24,253.58 |
| ९ | M/S Pancha Devi Nirman Sewa, Nepalgunj-17, Banke | BBDMP/Social/NCB-9/FW/078-79 | 1,10,36,729.52 |
| १० | M/S Nawalpur Drilling and Construction Pvt.Ltd, Gaindakot-5, Nawalpur | BBDMP/Social/NCB-10/DTH/078-79 | 91,88,256.00 |
| ११ | M/S Nawalpur Drilling and Construction Pvt.Ltd, Gaindakot-5, Nawalpur | BBDMP/Social/NCB-11/DTH/078-79 | 85,94,669.26 |
| १२ | M/S Shishir Construction, Bheriganga Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-12/SI/078-79 | 36,16,142.92 |
| १३ | M/S Shishir Construction, Bheriganga Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-13/SI/078-79 | 84,78,596.25 |
| १४ | M/S P.P.O.T Nirman Sewa, Bheriganga Na.Pa.-10, Surkhet | BBDMP/Social/NCB-14/FW/078-79 | 65,83,629.85 |
| १५ | M/S Laxman Construction, Birendranagar Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-15/SI/078-79 | 77,55,192.44 |
| १६ | M/S Subha N.S Construction Pvt.Ltd,Tokha Na.Pa.-11, Kathmandu | BBDMP/Social/NCB-16/SI/078-79 | 1,00,01,739.66 |
| १७ | M/S Subha N.S Construction Pvt.Ltd,Tokha Na.Pa.-11, Kathmandu | BBDMP/Social/NCB-17/SI/078-79 | 76,09,752.54 |
| १८ | M/S P.L Engineering and Builders, Baijanath Ga.Pa.-4, Banke | BBDMP/Social/NCB-19/SI/078-79 | 1,01,95,083.02 |
| १९ | M/S P.L Engineering and Builders, Baijanath Ga.Pa.-4, Banke | BBDMP/Social/NCB-20/SI/078-79 | 90,97,580.53 |
| २० | M/S Nandadevi Nirman Sewa, Thakurbaba Na.Pa.-9, Bardiya | BBDMP/Social/NCB-21/SI/078-79 | 63,55,398.58 |
| २१ | M/S Uma Construction Sewa, Gurbhakot Na.Pa -13, Surkhet | BBDMP/Social/NCB-22/SI/078-79 | 63,93,508.83 |
| २२ | M/S Mount Shivalik Infrastructure Pvt.Ltd, Bhanu Tole-3, Kathmandu | BBDMP/Social/NCB-23/SI/078-79 | 58,25,516.50 |
| २३ | M/S Laxman Construction, Birendranagar Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-24/SI/078-79 | 96,63,491.53 |
| २४ | M/S Everest Construction, Birendranagar Na.Pa.-14, Surkhet | BBDMP/Social/NCB-25/SI/078-79 | 69,28,085.92 |
| २५ | M/S Bhawani Nirman Sewa,Thatikadh Ga.Pa.-3, Dailekh | BBDMP/Social/NCB-26/SI/078-79 | 79,30,270.73 |
| २६ | M/S Hari Nirman Sewa, Kaprichaur-7, Surket | BBDMP/Social/NCB-27/SI/078-79 | 96,85,832.25 |
| २७ | M/S Shree Malla Construction, Simta Ga.Pa.-6, Surkhet | BBDMP/Social/NCB-28/SI/078-79 | 58,40,525.27 |
| २८ | M/S Malika Nirman Sewa, Latikoili-7, Surkhet | BBDMP/Social/NCB-29/SI/078-79 | 38,44,777.78 |
| २९ | M/S Drona Builders Group of Company Pvt.Ltd, Birendranagar Na.Pa.-3, Surkhet | BBDMP/Social/NCB-30/RTW/078-79 | 95,20,685.46 |
| ३० | M/S Laxman Construction, Birendranagar Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-31/ RTW/078-79 | 82,00,250.21 |
| ३१ | M/S Laxman Construction, Birendranagar Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-32/ RTW/078-79 | 81,97,698.57 |
| ३२ | M/S Laxman Construction, Birendranagar Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-33/ RTW/078-79 | 73,26,375.16 |
| ३३ | M/S Jagannath Nirman Sewa, Birendranagar Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-34/FW/078-79 | 69,70,681.67 |
| ३४ | M/S Jagannath Nirman Sewa, Birendranagar Na.Pa.-8, Surkhet | BBDMP/Social/NCB-35/ FW/078-79 | 94,52,200.66 |
| ३५ | M/S Shishir & Basanta Nirman Sewa, Chingad Ga.Pa.-2, Surkhet | BBDMP/Social/NCB-36/ FW/078-79 | 46,39,060.18 |

आयोजना निर्देशक

## युक्रेनबाट...

पृष्ठ १ बाट क्रमशः

पोल्यान्ड प्रवेश सहजै दिइएको रहेछ, तर ट्राभल डकुमेन्ट मात्रै भएकालाई केही सोधपुछ गरेर छाडिदिने रहेछन्।' मेडिका सीमाक्षेत्रबाट पोल्यान्ड प्रवेश गर्ने नेपालीको संख्या भने न्यून रहेको उनले बताए। राजदूत खड्काको भनाइ थियो, 'अहिले भिडभाड पनि कम हुँदै गएको रहेछ। विभिन्न समूहमा नेपालीहरू आउनुभएको छ। पोल्यान्ड पुगेपछि उहाँहरूले चाहेको गन्तव्यमा जान कुनै अप्ठ्यारो रहेनछ।'

एनआरएनएले नेपालीलाई उद्धार गर्न सीमाक्षेत्रमा बस राखे पनि त्यो सुविधा प्रयोग गर्नेको संख्या पनि न्यून रहेको राजदूत खड्काले बताए। 'हजार युरो तिरेर साथीहरूले बस स्ट्यान्डबाइ राख्नुभएको रहेछ, तर बस बुधबार रित्तै थियो,' उनले भने। बुधबार पोल्यान्ड, स्लोभाकिया र रोमानिया प्रवेश गर्ने नेपाली भेटिए पनि हंगेरी प्रवेश गर्नेहरू नदेखिएको राजदूत खड्काले जानकारी दिए। राजदूत खड्का बुधबार युक्रेनको सीमामा प्रवेश गर्न खोजेका थिए, तर भिसा नभएको भन्दै उनलाई प्रवेश दिइएन।

युद्धग्रस्त खार्किभमा रहेका दुईजना नेपाली विद्यार्थी पोल्यान्डको सीमानजिकको युक्रेनी सहर लिभिव प्रस्थान गरेका छन्। 'हामी दिउँसो लिभिवतर्फ प्रस्थान गरेका छौँ। सकभर यहीँ बसौँ, परिस्थिति सामान्य होला भन्ने सोचियो, तर हाम्रै आँखाअगाडि भारतीय विद्यार्थीको मृत्यु भएपछि बस्न सकेनौँ,' एक नेपाली विद्यार्थीले भनिन्, 'हामी बाटोमा छौँ। तलमाथि भएन भने युक्रेनबाट बाहिरिनेछौँ।' उनका अनुसार किभबाट पनि नेपालीहरूको समूह लिभिव प्रस्थान गरेको छ। ओडेसामा रहेका नेपालीहरू पनि युक्रेनको सीमाक्षेत्र पुगेका छन्।

पोल्यान्ड पुगेका, तर अध्यागमन पार नभएका नेपालीहरू अझै समस्यामा रहेको गुनासो पनि छ। त्यस क्षेत्रमा रहेका शम्भु लामाले तीन दिनअघि प्रहरीलाई पासपोर्ट केही क्षणका लागि राख्न दिएर शौचालय गएको, तर फर्केर आउँदा पासपोर्ट नभेटेपछि अलपत्र परेको जानकारी आएको छ। 'उहाँ एक सातादेखि युक्रेनको सिमानामा हुनुहुन्थ्यो, तर सम्पर्क भएको छैन,' उनकी साथी जुनु मगरले 'वार जोन' ह्वाट्स एप समूहमा बुधबार लेखेकी छिन्। तर, उनका एकजना नेपाली साथीले भने लामाको डकुमेन्ट लुटिएको बताएका छन्। यस्तो समस्या रहेका चार-पाँचजना नेपाली युक्रेनमा रहेको त्यहाँ रहेका नेपालीको भनाइ छ।

युक्रेनमा अनिश्चितता बढ्दै जाँदा लामो समयदेखि रहँदै आएका नेपाली मूलका व्यवसायी पनि अन्य मुलुक पुगेका छन्। गैरआवासीय नेपाली संघ युक्रेनका अध्यक्ष हरिबहादुर मल्लले परिवारसहित युक्रेन छाडेको बताए। 'म परिवारसहित माल्दोभा आइपुगेको छु,' ब्ल्याक सीनजिकै चार दशकदेखि बस्दै आएका मल्लले भने, 'सबै सम्पत्ति छाडेर हिँडेँ। ज्यान बचाउनका लागि छाड्न बाध्य भएँ। लामो समयदेखि बसेका अरू साथीहरू पनि छाड्ने क्रममा हुनुहुन्छ।'

## युक्रेनमा गहिरिँदै...

पृष्ठ १ बाट क्रमशः

युक्रेनको दोस्रो ठूलो सहर खार्किभमा बुधबार रुसले प्याराट्रुपरहरू उतारेर युद्ध चर्काएको छ। दक्षिणी सहर खार्सनलाई रुसी सेनाले घेरा हालेर युक्रेनी सुरक्षा बललाई आत्मसमर्पण गर्न चेतावनी दिएको र समयसीमामा आत्मसमर्पण नगरे सबैलाई मारिदिने धम्की दिएको त्यहाँका मेयरको विज्ञप्तिमा उल्लेख छ। किभतर्फ अघि बढिरहेको रुसी सेनाको ६५ किलोमिटर लामो लस्कर सहरको पन्ध्र किलोमिटरनजिक पुगेको समाचार आएका छन्। राजधानी कब्जामा लिन रुसले विध्वंसक आक्रमण गर्न सक्ने सन्त्रास व्याप्त छ। युक्रेनी सेनाले छापामार शैलीमा प्रतिरोध जारी राखे ठूलो संख्यामा गैरसैनिक नागरिक मारिन सक्ने खतरा देखिएको छ। युक्रेनी उपप्रधानमन्त्री इर्ना भरेसचुकले युक्रेनका सहरहरू 'विध्वंसको आगोमा' झिल्सिरहेको बताएका छन्।

युक्रेनी सैन्यबल र नागरिकबीचको सम्पर्क सञ्जाल तोड्न रुसले किभका महत्त्वपूर्ण सञ्चार, विद्युत् पूर्वाधारका साथै गैरसैन्य सरकारी कार्यालयहरूमाथि क्षेप्यास्त्र प्रहार गर्न थालेको छ। यसअघि युक्रेनी सेनाको प्रोपोगान्डा र भ्रामक प्रचार रोक्न भन्दै रुसले युक्रेनका सञ्चार पूर्वाधारका ठेगानाहरूलाई प्रिसिजन हतियारद्वारा ध्वस्त पार्न लागेकाले त्यस्ता संरचना वरपरका नागरिकहरूलाई अन्यत्र जान भनेको थियो। अहिले नै किभलगायत सहरहरूले विद्युत्, खानेपानी र औषधिसमेतको अभाव सामना गर्न थालेका छन्। बढ्दो चिसोबाट बच्न नागरिकहरूले सरसामानहरू बाल्न थालेको समाचारहरू आएका छन्।

सयुक्त राष्ट्रसंघीय शरणार्थी उच्च आयुक्त कार्यालय (युएनएचसिआर)का अनुसार आक्रमण सुरु भएयता युक्रेन छाड्ने शरणार्थीको संख्या आठ लाख ३५ हजार नाघेको छ। यसमध्ये आधाभन्दा धेरै पोल्यान्ड पुगेको युएनएचसिआरले उल्लेख गरेको छ। युरोपले शरणार्थीको बाढीको सामना गर्नुपर्ने देखिएको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनमाथि आक्रमण सुरु गरेयता ६ हजार रुसी सेना मारिएको दाबी गरेका छन्। युक्रेनको आपत्कालीन सेवाले रुसी आक्रमणबाट अहिलेसम्म दुई हजार युक्रेनी नागरिक मारिएको भनेको छ। तर, संयुक्त राष्ट्रसंघले भने अहिलेसम्म एक सय ३६ सर्वसाधारण मारिएको पुष्टि गरेको छ। रुसले भने अहिलेसम्म हताहतीको संख्याबारे प्रतिक्रिया दिएको छैन।

युक्रेनमाथि आक्रमण गरेपछि रुसमाथि आर्थिक प्रतिबन्ध बढिरहेको छ। यसले रुसी अर्थतन्त्र ठूलो दबाबमा परेको छ। रुसी मुद्रा एवं सम्पत्तिको तीव्र अवमूल्यन हुन थालेपछि ठूलो मात्रामा पुँजी पलायनको सम्भावना बढेको छ। रुसमा नगदको अभाव हुन नदिन र पुँजी पलायन रोक्न भन्दै केन्द्रीय बैंकले विदेशमा पैसा स्थानान्तरण बन्द गरेको छ। 'रुसी वित्तीय बजारबाट नगद निर्यात रोक्न र वित्तीय स्थिरता कायम राख्न बैंक अफ रसियाले केही समयका लागि गैरआवासीय कर्पोरेट एवं व्यक्तिगत खाताबाट विदेशी बैंक खातामा रकमान्तर सेवा बन्द गरेको छ,' रुसको केन्द्रीय बैंकलाई उद्धृत गर्दै रुसी समाचार एजेन्सी तासले जनाएको छ। यो बन्देज रुसी नागरिक एवं कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट (सिआइएस)का विदेशी नागरिकमा भने लागू नहुने जनाइएको छ। बढ्दो विश्वव्यापी दबाब एवं अन्तर्राष्ट्रिय प्रतिबन्धको लहरका बाबजुद रुस भने युद्ध चर्काउन दृढ देखिएको छ।

यसैबीच युरोपमा ग्यासको मूल्यले प्रतिदिन नयाँ कीर्तिमान बनाइरहेको छ। युद्धका कारण ग्यासको आपूर्तिमा अवरोध आउन सक्ने चिन्ता आपूर्तिकर्ताहरूले व्यक्त गरेपछि प्रतिमेगावाट आवर ग्यासको मूल्य दुई सय १५ डलर पुगेको छ। बुधबार एकै दिन ६० प्रतिशतले मूल्यवृद्धि भएको छ।

OM HOSPITAL & RESEARCH CENTRE
An ISO 9001:2015 Certified Hospital
**सूचना**
(प्रकाशित मितिः २०७८ फाल्गुण १९ गते)
यस अस्पतालको अचल सम्पत्तीको (भवन, जग्गा तथा उपकरणहरु) बार्षिक विमा गर्नुपर्ने भएको हुँदा इच्छुक विमा कम्पनीहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस अस्पतालमा आफ्नो शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ।
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर
प्रशासन शाखा
फोन नं. ०१-४४७६२२५, Ext. ५२२

**मोटरसाईकल हरायो**
मिति २०७८/१०/९ गते अन्दाजी बिहान २:०० नमुना बस्ती कपनबाट पार्किङ गरि राखेको मेरो निम्न व्यहोरा भएको कालो, रातो रंगको मोटरसाईकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।
नाम : ग्लोरी बचत तथा ऋण सहकारी संस्था लि. (ऋणी छिरिङ लामा)
मो.सा.नं. : बा. प्र. ०२-०२८ प ४९१०
मोडेल : 220F Pulsar
च्यासिस नं.:MD2A13EXXMCA84502
इन्जिन नं. : DKXCMA74419
सम्पर्कः 01-4373357, 9865062897